२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ५ /२०८१/०८२

आज मिति २०८१ मंसिर ०५ गते बुधबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री विरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ५ /२०८१/०८२

प्रस्तावहरु:

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा

२. गाउँपालिकाको एम्बुलेन्सको स्तर उन्नती

३. प्रथम चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई

४. एकिकृत घुम्ति शिविर सञ्चालन

५. विधेयक समितिले पेश गरेका कानुन स्वीकृत

६. प्रधानमन्त्री रोजगार कार्यक्रम छनौट

७. सिस्ने-१ पाखापानी खोपकेन्द्र भवन निर्माणको लागि जग्गा उपलब्ध

८. जिल्ला प्रहरी कार्यालय, रुकुमकोट, रूकुम (पूर्वी भाग) को लागि जग्गा सिफारिस

९. विपद व्यवस्थापन शिर्षकको बजेट विपद व्यवस्थापन कोषमा जम्मा गर्ने

१०. सार्वजनिक स्थलमा आगो बाल्न दाउराको व्यवस्था

११. सांकेतिक बोर्डको रकम भुक्तानी

१२. अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवसको बजेट

१३. विद्यालय भवन वितरण

१४. रुमालबारा र पोखरा अस्थायी प्रहरी पोष्ट स्थापनाको सिफारिस

१५. खानेपानी मोटरको भुक्तानी सम्बन्धमा

१६. मेला व्यवस्थापन सम्बन्धमा

१७. सडक बोर्ड नेपालसँग साँझेदारीमा काम गर्ने सडक

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं. २,

रा १ झ २२० गाउँपालिकाको एम्बुलेन्सको स्तर उन्नतीका लागि लाग्ने खर्च क.स. २१ को खर्च शिर्षक २२२१३ सवारी साधन मर्मत शिर्षकबाट खर्च लेख्ने ।

रेखा बहादुर बुढामगर
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ५ /२०८१/०८२

निर्णय नं. ३,

सिस्ने गाउँपालिकाको प्रथम चौमासिकको समिक्षा गरियो। प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम यही मिति २०८१ मंसिर १२ गते सिस्ने गाउँपालिकाको सभाहलमा गर्ने र सहजीकरणको लागि पत्रकार महासंघ, रुकुम (पुर्वी भाग) लाई अनुरोध गर्ने ।

निर्णय नं. ४,

यस वर्षको एकिकृत घुम्ति शिविर मंसिर २० गतेदेखी २७ गतेसम्म १ र २ नं वडा बाहेक बाकी ६ वटा वडामा संचालन गर्ने। शिविरलाई प्रभावकारी बनाउन जिल्ला स्थित सेवा सम्बन्धी सम्बन्धित कार्यालयहरुसंग सहकार्यका लागि समन्वय गर्ने ।

तपसिल.

| क्र.स. | स्थान | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| १ | सिस्ने गाउँपालिका ८ नं वडा | २०८१/०८/२० | ११:०० बजे | |
| २ | सिस्ने गाउँपालिका ७ नं वडा | २०८१/०८/२१ | ११:०० बजे | |
| ३ | सिस्ने गाउँपालिका ४ नं वडा | २०८१/०८/२३ | ११:०० बजे | |
| ४ | सिस्ने गाउँपालिका ३ नं वडा | २०८१/०८/२४ | ११:०० बजे | |
| ५ | सिस्ने गाउँपालिका ५ नं वडा | २०८१/०८/२५ | ११:०० बजे | |
| ६ | सिस्ने गाउँपालिका ६ नं वडा | २०८१/०८/२७ | ११:०० बजे | |

निर्णय नं. ५,

मिति २०८१ कार्तिक २९ गते विधायन समितिको निर्णय अनुसार अनुमोदनका लागि पेश भएका तपसिल बमोजिमका निर्देशिका, मानक, आचार संहिता , मापदण्ड र कार्यविधि स्वीकृत गरी नियमा नुसार लागु गर्ने।

तपसिल:

1. सिस्ने गाउँपालिकाको नागरिक बजेट निर्देशिका, २०८१
2. सिस्ने गाउँपालिकाको गाउँ सभाका लेखा समितिको लागि कार्यसञ्चालन मानक ,२०८१
3. सिस्ने गाउँपालिकाको आन्तरिक लेखा परीक्षकको आचारसंहिता, २०८१
4. सिस्ने गाउँपालिकाको कृषी विकास कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१
5. सिस्ने गाउँपालिकाको कृषि पशुपंक्षी मत्स्य फम तथा समूह दर्ता एवं नविकरण सम्बन्धी कार्यविधि, २०८१

कृष्ण रग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ५ /२०८१/०८२

निर्णय नं. ६,

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना तर्फको बजेट देहाय बमोजिम विनियोजन गर्ने।

क) कामका लागि पारिश्रमिकमा आधारित आयोजना (नेपाल सरकार) बजेट २३ लाख ४४ हजार

| क्र.स. | वडा नं | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | १ | २,४४,०००।- | |
| २ | २ | ३,००,०००।- | |
| ३ | ३ | ३,००,०००।- | |
| ४ | ४ | ३,००,०००।- | |
| ५ | ५ | ३,००,०००।- | |
| ६ | ६ | ३,००,०००।- | |
| ७ | ७ | ३,००,०००।- | |
| ८ | ८ | ३,००,०००।- | |

ख) युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (विश्व बैंक) बजेट २६लाख ७२ हजार मध्ये रोजगारी सिर्जना तर्फको बजेट १३ लाख ३६ हजार सिस्ने गाउँपालिकाका प्रत्येक वडाबाट ५/५ जनाका दरले जम्मा ४० (१८ देखि ३९ वर्ष उमेर समूहका)जना युवालाई काममा लगाउन तपसिल बमजिम बजेट विनियोजन गर्ने ।

| क्र.स. | वडा नं | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | १ | १,६७,०००।- | |
| २ | २ | १,६७,०००।- | |
| ३ | ३ | १,६७,०००।- | |
| ४ | ४ | १,६७,०००।- | |
| ५ | ५ | १,६७,०००।- | |
| ६ | ६ | १,६७,०००।- | |
| ७ | ७ | १,६७,०००।- | |
| ८ | ८ | १,६७,०००।- | |

निर्णय नं. ७,

सिस्ने-१, पाखापानी सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माणको लागि वडामा बैठक बसी जग्गाको आवश्यक कागजात सहित सिफारिस गरि गाउँपालिकामा पठाउने र उक्त बैठकको आधारमा पलिकाबाट स्वास्थ्य कार्यालयलाइ भवन निर्माणको लागि सिफारिस गर्ने ।

रवत बहादुर बुढाथोकी

कृष्ण ...
गा.पा. अध्यक्ष

२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ५ /२०८१/०८२

निर्णय नं. ८

सिस्ने गाउँपालिका वडा नं ५ साविक रुकुम जिल्ला शोभा गा वि स वडा नं ७ को कित्ता नं ६को कुल २५८८२० वर्ग मिटर जग्गा मध्ये पूर्वतर्फ कित्ता नं ६ बाट लगत कट्टा नभइ मध्ये पहाडी लोकमार्ग सञ्चालनमा रहेको जग्गा पश्चिमतर्फ कित्ता नम्बर ३७२ मा रहेको रुक्मीनि माध्यमिक विद्यालय भएको जग्गा उत्तरतर्फ कित्ता नं ११७४ मा रहेको नापी कार्यालय रुकुमकोटको जग्गा तथा दक्षिणतर्फ कित्ता नं ३७४ मा रहेको इलाका प्रहरी कार्यालय रुकुमकोटको नाममा दर्ता स्रेस्ता कायम भइ जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वी भाग सञ्चालनमा रहेको जग्गा यति चार किल्ला भित्रको पर्ने जम्मा क्षेत्रफल ३८३२ वर्गमिटर भएको सार्वजनिक जग्गा इलाका प्रहरी कार्यालय रुकुमकोट कित्ता नं ३७४ को नाममा रहेको जग्गासँग सिमाना जोडिएको, हालसम्म अन्य कुनै प्रयोगमा आएको नदेखिएको उक्त जग्गाको भोकाधिकार यस जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्वी भाग) लाई दिदा सर्वसाधारणको जनजीवनमा असर पर्ने नदेखिएको हुँदा यस जिल्ला प्रहरी कार्यालयलाई आवश्यक उक्त जग्गा प्रासिका लागि सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धी मापदण्ड २०७७ को ७ (ग) बमोजिम सम्बन्धित निकायलाई आवश्यक सिफारिस गर्ने ।

निर्णय नं ९,

विपद व्यवस्थापन शिर्षकको वजेट विपद व्यवस्थापन कोषमा रु १० लाख रकम जम्मा गरि खर्च गर्ने ।

निर्णय नं १०

बढ्दो चिसोका कारण सर्वसाधारणको जीवनमा नकारात्मक असर पर्ने भएकोले पालिकाका तपसिलका सार्वजनिक स्थलमा विपद व्यवस्थापन शिर्षकवाट ५० हजार खर्च गर्नेगरी आगो बाल्न दाउराको व्यवस्था गर्ने ।

| क्र.स. | स्थान | व्यवस्था गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | कमलदह | गाउँपालिका | |
| २ | चोकवजार | " " | |
| ३ | छिप्रिदह | " " | |
| ४ | जिल्ला अस्पताल रुकुम पूर्व | " " | |

कृष्ण रश्मी
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय सिस्ने गाउँपालिका रुकुमकोट

CamScanner

२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ५ /२०८१/०८२

निर्णय नं ११

यस अगाडी जिल्ला प्रशासनमा बसेको बैठकले विभिन्न स्थानमा ट्रफिक बोर्डहरु राखे र जसको भुक्तानी गाउँपालिकाले आवश्यक कागजात र राखेको स्थानहरुको अनुगमनका आधारमा रु २५ हजार नबढ्ने गरि भुक्तानी गर्ने ।

निर्णय नं १२

अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस सम्वन्धी स्रोह दिने अभियानको लागि क स ९२ बजेट शिर्षक २२५२९ विभिन्न राष्ट्रिय दिवस तथा सहिद सम्मान कार्यक्रम बाट प्रत्येक वडामा १०/१० हजारको दरले र गाउँपालिकाले २० हजार बजेट खर्च गर्ने ।

निर्णय नं १३

यस आर्थिक वर्ष २०८१।०८२ को लागि विद्यालय भौतिक पूर्वाधार विकास तर्फ सिस्ने गाउँपालिकामा संघीय सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र बाट स्थानीय तहको लागत साझेदारीमा विद्यालय भवन नर्माण अनुदान शीर्षिकमा गाउँपालिकाको बजेट कार्यान्वयन किताबको क्रम संख्या ४४६, ४४७ र ४४८ मा एकमुस्ट रु. १,९५,००,०००/- अक्षरुपि एक करोड पन्चानब्वे लाख हस्तान्तरण भई आएकोले विद्यालयहरुमा माग र आवश्यक्ताका आधारमा तपसिलका विद्यालयहरुमा अनुदान रकम वितरण गरी कार्यान्वयन गर्ने ।

तपसिलः

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | भवनको प्रकार | बजेट रु. | अक्षरुपि लाखमा |
|---|---|---|---|---|---|
| १. | श्री सौजन्य आधारभूत विद्यालय पाङ्गा | सिस्ने-३ | चार कोठे | ६५,००,०००/- | पैसट्ठी लाख रुपयाँ |
| २. | श्री आधारभूत विद्यालय स्यालापाखा | सिस्ने-८ | चार कोठे | ६५,००,०००/- | पैसट्ठी लाख रुपयाँ |
| ३. | श्री त्रिभुवन जनता मावि छिप्रिदह | सिस्ने-६ | चार कोठे | ६५,००,०००/- | पैसट्ठी लाख रुपयाँ |

निर्णय नं १४,

सिस्ने गाउँपलिका वडा नं ५ को रुमालबारा र वडा नं ३ को पोखरामा अस्थायी प्रहरी पोष्ट स्थापनाको जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्वी भाग) लाई सिफारिस गर्ने ।

कृष्ण रिजाल
गा.पा. अध्यक्ष

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२०८१ मंसिर ०५ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ५ /२०८१/०८२

निर्णय नं १५,

लुफासा खानेपानीको मोटर खरिदको लागि क्र.सं. १५३ बजेट शिर्षक नं. ३११५६ खानेपानी व्यवस्थापन खर्च बाट बील भुक्तानी गर्ने ।

निर्णय नं १६,

परम्परागत रुपमा लाग्दै आएको सिस्ने गाउँपालिका वडा नं.७ को नाथिगाडमा मेला व्यवस्थापनको लागि क्र.सं. १०४ बजेट शिर्षक नं. २२७११ कला, संस्कृति संरक्षण सम्बर्द्धन र प्रबर्द्धन बाट रु ७५ हजार भुक्तानी गर्ने ।

निर्णय नं १७,

सडक बोर्ड नेपालसँग साँझेदारीमा काम गर्न मध्य पहाडी लोकमार्ग देखि रुकुमकोट जिल्ला अस्पताल गेटसम्मको सडक छनौट गरी कार्यान्वयनको लागि सडक बोर्ड नेपाललाई पत्राचार गर्ने ।

निर्णय प्रमाणित

२०८१/०८/०५

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष